# खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७६

**स्वीकृत मिति २०७६।०७।२४**
**पहिलो संसोधन २०७७।०७।२४**

**प्रस्तावनाः** खेल पत्रकारिता मार्फत् नेपालको खेलकुद विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउने खेलकुद पत्रकारलाई पुरस्कार तथा सम्मान गर्ने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउने सम्बन्धमा खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६ बनाउन बाञ्छनीय भएकोले युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "खेलकुद पत्रकारिता पुरस्कार सम्मान कार्यविधि, २०७६ "रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसकार्यविधिमाः

(क) "खेलकुद पत्रकार"भन्नाले विद्युतीय प्रकाशन,प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट खेलकुद क्षेत्रमा पत्रकारिता गर्ने व्यक्ति सम्झनुपर्छ।

(ख) "खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट नेपालको खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका वरिष्ठ नेपाली खेलकुद पत्रकारहरुलाई प्रदान गर्ने पुरस्कार तथा सम्मान सम्झनुपर्छ।

(ख-१)"खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार " भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट सबै प्रदेशहरु समेटिने गरी नेपालको खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका खेलकुद पत्रकारहरुलाई प्रदान गर्ने प्रोत्साहन पुरस्कार सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "सचिवालय" भन्नाले खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालय सम्झनु पर्छ।

(ङ) "समिति"भन्नाले दफा ३ बमोजिमको खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको लागि गठित सिफारिस समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## सिफारिस सम्बन्धी व्यवस्था

३. **पुरस्कार तथा सम्मान सिफारिस समितिः** (१)खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको सिफारिस गर्नाका लागि देहाय बमोजिम खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान सिफारिस समिति रहने छ।

| | |
|---|---|
| (क) प्रमुख, खेलकुद विकास महाशाखा,मन्त्रालय | -संयोजक |
| (ख) अधिकृत प्रतिनिधि (मिडियासँग सम्बन्धित), राष्ट्रिय खेलकुद परिषद् | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ | -सदस्य |
| (घ) प्रतिनिधि, प्रेस काउन्सिल नेपाल | -सदस्य |
| (घ-१) प्रतिनिधि नेपाल खेलकुद पत्रकार मञ्च | -सदस्य |

(ङ) शाखा प्रमुख,खेलकुद प्रवर्द्धन शाखा,मन्त्रालय -सदस्य सचिव

(२) उपदफा(१) बमोजिमको पुरस्कार तथा सम्मान सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) पुरस्कार तथा सम्मान सिफारिस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४)उपदफा (१) बमोजिमको पुरस्कार तथा सम्मान सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **पुरस्कार तथा सम्मानको सिफारिसका लागि क्षेत्रहरुः** पुरस्कार तथा सम्मान सिफारिस समितिले देहायका क्षेत्रमा आधारित भई खेलकुद पत्रकारिता पुरस्कार सिफारिस गर्न सक्नेछ।

(क) छापा

(ख) श्रव्य

(ग) श्रव्य दृश्य

(घ) अनलाइन ।

५. **आवेदन सम्बन्धी व्यवस्था:**(१) पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालयले प्रत्येक आर्थिक वर्षमा खेलकुद पत्रकारिता पुरस्कार आवेदनका लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि व्यक्ति स्वयंले निवेदन दिन चाहेमा अनुसूची १ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

(३) कुनै खेलकुद पत्रकार पुरस्कार तथा सम्मानका लागि योग्य छ भन्ने लागेमा कुनै संघसंस्था,निकाय वा अन्य व्यक्तिले पुरस्कार तथा सम्मान दिनुपर्ने आधारहरु उल्लेख गरी तोकिएकै समय अवधिमा आवेदन गर्न सक्नेछ ।

(४) पुरस्कार तथा सम्मान सिफारिस समितिले उपदफा (२) वा (३) बमोजिम आवेदन नदिएको भएपनि योग्य ठहराएका खेलकुद पत्रकारहरुलाई छनौट प्रकृयामा समावेश गर्न सक्नेछ ।

६. **खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको लागि सिफारिसको प्रकृया:** (१)पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालयको काम मन्त्रालयको खेलकुद प्रवर्द्धन शाखाले गर्नेछ।

(२) पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालयबाट सार्वजनिक सूचना प्रकाशन भएपछि आवेदकहरुले आधिकारीक निकायबाट जारी भएको पत्रकारिता परिचय पत्रको छाया पत्र सहित अनूसूची-१ बमोजिमको ढाँचामा पुरस्कार तथा सम्मान सिफारिस समितिको सचिवालयमा आवेदन दिनुपर्नेछ।

(क) उपदफा २ अनुसारको आवेदन इमेल info@moys.gov.np मार्फत पनि पठाउन सकिनेछ ।

(३) आवेदकले उपदफा (२) बमोजिम आवेदन दिँदा मूल्याङ्कनका आधारहरु पुष्टि गर्ने कागजात वा सामाग्री संलग्न गर्नु पर्नेछ ।

(४) सचिवालयले उपदफा (२) बमोजिमप्राप्त आवेदनहरु मध्ये रीत पुगेका आवेदनहरु मात्र दर्ता गर्नुपर्नेछ।

(५) ........ *[1]

(६) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान सिफारिस समितिले खेलकुद पत्रकारको नाम सिफारिस गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य कार्यविधि पुरस्कार तथा सम्मान सिफारिस समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।[2]

---

[1] पहिलो संसोधनबाट हटाईएको

७. **<u>खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि छनोटका आधार</u>**:(१) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको सिफारिसका लागि छनोट गर्दा देहाय कुराहरुलाई प्रमुख आधारका रुपमा लिइनेछ।

(क) खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान १५अङ्क,

(ख) खेलकुद क्षेत्र

(ग) मा खोज तथा अनुसन्धान १० अङ्क,

(घ) खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवं क्रियाशीलताको अनुभव ३०अङ्क,

(ङ) पत्रकारिताको क्षेत्र १० अङ्क,

(च)

(छ) मोफसलका खेलकुद गतिविधिहरुको सूचना प्रकाशन वा प्रशारण १०अङ्क,

(ज) सम्पादित कार्यको स्तरीयता २५ अङ्क,

(२) उपदफा (१) बमोजिमका आधारहरुको मूल्याङ्कनको विस्तृतीकरण अनुसूची दुई अनुसार हुनेछ ।

(३) पुरस्कार तथा सम्मान सिफारिस समितिले यसै कार्यबिधिको दफा ७ को उपदफा (१) बमोजिमको आधारमा मूल्यांकन गरी आधिकारीक निकायबाट पत्रकारिता परिचय पत्र प्राप्त गरेका उच्चतम अंक प्राप्त गर्ने एक जना खेलकुद पत्रकारलाई खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि र सातवटै प्रदेश र कम्तीमा एक जना महिला र एक जना दलित समुदायको समेत प्रतिनिधित्व हुने गरी नौ जना खेलकुद पत्रकारको नाम पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि सिफारिस गर्नेछ ।

(४) सिफारिस समितिले यसै कार्यबिधिको दफा ७ को उपदफा (१) बमोजिमको आधारमा मूल्यांकन गर्दा समान अंक भएमा समाबेशीताका आधारमा प्राथमिकता तोकि सिफारिस सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-३

## विविध

**<u>८.पुरस्कार रकम</u>** (१) प्रत्येक आर्थिक वर्षमा मन्त्रालयले पुरस्कार तथा सम्मान सिफारिस समितिको सिफारिस बमोजिमका एक जना नेपाली खेलकुद पत्रकारलाई रु ५०००० (पचास हजार) नगद पुरस्कार सहित सम्मानपत्र र सातवटै प्रदेश र कम्तीमा एक जना महिला र एक जना दलित समुदायको समेत प्रतिनिधित्व हुने गरी नौ जना खेलकुद पत्रकारलाई जनही रु २५००० (पच्चीस हजार) का दरले खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार रकम तथा सम्मान पत्र प्रदान गर्न लागि मन्त्रालयले कार्यक्रमको आयोजना गर्नेछ ।

(३) पुरस्कार पाउने पत्रकार कार्यक्रममा सहभागी हुन कठिनाई हुने देखिएमा मन्त्रालयले पुरस्कारको रकम बैंक खाता मार्फत प्रदान गर्न सक्नेछ ।

**<u>९.बजेटव्यवस्थाः</u>** यस कार्यविधि बमोजिम खेलकुद पत्रकारिता तथा सम्मान का लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हुनेछ।

**<u>१०.पुरस्कार तथा सम्मानको प्रमाण-पत्रः</u>** खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको प्रमाण-पत्र मन्त्रालयले तोकिएको ढाँचामा हुनेछ।

**<u>११.बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**<u>१२.खारेजी तथा बचाउः</u>** (१)खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७२ खारेज गरिएको छ ।

(२) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७२ अनुसार भए गरेका काम कारवाहीहरु यसै कार्यविधिअनुसार भए गरेको मानिनेछ ।

**अनुसूची-१**

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि मन्त्रालयमा दिइने आवेदनको ढाँचा**

श्रीमान् सचिवज्यू, मिति

युवा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

**विषयः खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानद्वारा सम्मानित गरी पाऊँ।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति ............................मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने पत्रकारिता पुरस्कारबाट सम्मानित गरी पाऊँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु।

१. नाम,थरः

२. ठेगानाः(क)स्थायी ठेगानाः

प्रदेशः ..............अञ्चलः.................जिल्लाः...........गा.पा./न.पा.......................... वडा नं.......................

टोल...........................................................फोन नं.................................................

(ख)अस्थायी ठेगानाः

प्रदेशः ..................अञ्चलः....................जिल्लाः..............गा.पा./न.पा.................... वडा नं..................

टोल..........................................................मोबाइलनं..........................................इमेल......................

(ग) पत्रकार परिचय पत्र न.................. परिचय पत्र जारी गरेको निकाय ..................

३. लिङ्गः पुरुष/स्त्री/तेश्रो लिङ्ग

४.जन्म मिति (वि.सं.)..........................................(इ.सं.).....................................................

५.नेपाली नागरिकताको प्रमाण-पत्रको नं..............नागरिकता जारी भएको मिति......................................... र जिल्ला................................................(नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ)

६.बाबुको नाम थरः..............................................................

७.आमाको नाम थरः..............................................................

८.शैक्षिक योग्यता..............................................(प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ)

९.अपाङ्गता भएमा सोको विवरणः.............................................................

१०.खेलकुद पत्रकारिता पुरस्कारबाट सम्मानित हुनका लागि गरिएका उल्लेखनीय कार्यहरुको विवरण( पुष्ट्याइ गर्ने कागजात तथा अन्य सामाग्री संलग्न हुनुपर्ने)...............................................................................................

क कार्यक्षेत्र

खेलकुद पत्रकारिता गरेको प्रदेश /जिल्ला कुन हो स्पष्ट रुपमा उलेलेख गर्नुपर्ने

११.अन्य विवरण भएमाः.............................................................

**आवेदकको**

हस्ताक्षरः

नाम थरः

**अनुसूची- २**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको लागि मूल्याङ्कनका आधार</u>**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | जम्मा अङ्क | मूल्याङ्कन तरिका | कैफियत |
|---|---|---|---|---|
| १ | खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान | १५ | खेल प्रविधि,खेल शुसासन,खेलाडी तथा खेल सरोकारवालाहरुको दक्षता तथा मनोबल वृद्धिमा सम्पादित कार्यले खेलेको सकारात्मक भूमिकाको मूल्याङ्कनबाट | |
| २ | खेलकुद क्षेत्रमा खोज तथा अनुसन्धान | १० | खेलकुदको क्षेत्रमा नयाँ अनुसन्धान गरेको तथा अनुसन्धानमूलक कार्य सम्पादन गरेको भए ६ अङ्क र सोको प्रकाशन प्रसारण गरेको भए १० अङ्क | |
| ३ | खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवं क्रियाशीलताको अनुभव | ३० | सूचना प्रकाशन भएका मितिबाट विगत खेलक्षेत्रको पत्रकारितामा निरन्तर क्रियाशील रहेको प्रत्येक वर्षको २ अङ्कका दरले बढीमा ३० अङ्क | |
| ४ | पत्रकारिताको क्षेत्र | १० | दफा ४ अनुसारका क्षेत्रहरुको प्रत्येक क्षेत्रका लागि २.५ का दरले | |
| ५ | मोफसलका खेलकुद गतिविधिहरुको सूचना प्रकाशन वा प्रशारण | १० | प्रति सूचना प्रकाशन वा प्रशारण १ अङ्कका दरले बढीमा १० अङ्क | |
| ६ | सम्पादित कार्य को स्तरीयता | २५ | आवेदन साथ पेश भएका सम्पादित कार्यका कागजात आदिको भाषा,शैलीको स्तरीयता तथा सामाग्रीको गुणस्तर मूल्याङ्कनबाट | |
| जम्मा | | १०० | | |

## खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७६ लाई संशोधन गर्न बनेको विधेयक

| खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७६ भएको मौजुदा व्यवस्था | खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७६ संसोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा २ परिभाषा | दफा २ च थप "खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार " भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट रही नेपालको खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका प्रदेशगत रुपमा पत्रकारहरुलाई प्रदान गर्ने पुरस्कार तथा सम्मान सम्झनुपर्छ। | खेलकुद क्षेत्रमा प्रदान गरिने पत्रकारिता पुरस्कारलाई सबै प्रदेशहरुको प्रतिनिधित्व हुने गरी समेटन |
| दफा ३ को उपदफा १ पुरस्कार तथा सम्मान सिफारिस समिति (ङ) शाखा प्रमुख खेलकुद प्रवर्द्धन शाखा मन्त्रालय | दफा ३ को उपदफा १ मा (ङ) प्रतिनिधि नेपाल खेलकुद पत्रकार मञ्च -सदस्य | थप पारदर्शी बनाउन |
| | (च) थप शाखा प्रमुख खेलकुद प्रवर्द्धन शाखा मन्त्रालय सदस्य सचिव | (ङ) मा सदस्य थपभएकाले (च) मा सिप्ट गरिएको |
| | दफा ६ को उपदफा २ मा (क)थप गरिएको (क) उपदफा २ अनुसारको आवेदन इमेल info@moys.gov.np मार्फत पनि पठाउन सकिनेछ । | आवेदन दिनका लागि सहज व्यवस्था गरिएको |
| दफा ६ को उपदफा (५) खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान सिफारिस समितिले सिफारिस गर्दा आवेदकहरु वा दफा ५ को उपदफा ४ बमोजिमका छनोट प्रक्रियामा समाबेश भएकाहरु मध्येबाट सर्वोत्कृष्ट अंक ल्याउने कम्तीमा एक जना महिला सहित चारजना खेलकुद पत्रकारलाई | हटाईएको | यसको वैकल्पिक व्यवस्था दफा ७ को उपदफा ३ र ४ मा व्यवस्था गरिएको |

| | | |
|---|---|---|
| सिफारिस गर्नुपर्नेछ। | | |
| दफा ७ को उपदफा (१) र (२) रहेको | दफा ७ को उपदफा (३) र (४) थप २ रहेको (३) पुरस्कार तथा सम्मान सिफारिस समितिले यसै कार्यबिधिको दफा ७ उप दफा (१) बमोजिमको आधारमा मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने खेलकुद पत्रकारलाई खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि एक जनाको नाम र प्राप्त अंकको आधारमा सबै प्रदेशको प्रतिनिधित्व हुने गरी खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि सात जनाको नाम सिफारिस गर्नेछ ।<br><br>(४) सिफारिस समितिले यसै कार्यबिधिको दफा ७ उप दफा (१) बमोजिमको आधारमा मूल्यांकन गर्दा समान अंक भएमा समाबेशी सिद्धान्तका आधारमा प्राथमिकता तोकि सिफारिस गर्नुपर्नेछ । | उच्चतम अंक पाउने वरिष्ठ पत्रकारलाई पुरस्कार र सम्मान गर्ने र अन्यलाई प्रोत्साहन पुरस्कार दिने व्यवस्थाका लागि |
| दफा ७ को उपदफा (१) (ग) मा संसोधन | (ग) खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवं क्रियाशीलताको अनुभव ३०अङ्क, | उपदफा (१) (ग) र(ङ) एकिकृत गरिएको |
| दफा ७ को उपदफा (१) (ङ) | हटाईएको | उपदफा (१) (ङ) को व्यवस्था (ग) मिलान गरिएको |
| दफा ८ खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानको रकम प्रत्येक आर्थिक वर्षमा पुरस्कार तथा सम्मान सिफारिस समितिको सिफारिस बमोजिमका संख्याका नेपाली खेलकुद पत्रकारलाई मन्त्रालयले जनही रु. ५० हजारका दरले पुरस्कारप्रदानगर्नेछ। | (१) प्रत्येक आर्थिक वर्षमा मन्त्रालयले पुरस्कार तथा सम्मान सिफारिस समितिको सिफारिस बमोजिमका एक जना नेपाली खेलकुद पत्रकारलाई रु ५० हजार नगद पुरस्कार सहित सम्मानपत्र र सबै प्रदेशको प्रतिनिधित्व हुने गरी सात जना नेपाली खेलकुद पत्रकारलाई जनही रु २५ हजारका दरले खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार प्रदान गर्नेछ ।<br>(२) खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कारका लागि कुनै कारणबस सबै प्रदेशबाट प्रतिनिधित्व हुन नसकेमा | समसामहिक सुधार |

| | | |
|---|---|---|
| | समावेशीताका आधारमा निर्णय गरी कुनै प्रदेशमा एक भन्दा बढी संख्यामा पुरस्कार प्रदान गर्न सकिनेछ । | |
| अनुसची १ निवेदन ढाँचा | अनुसची १ को १० क थप कार्यक्षेत्र<br>खेलकुद पत्रकारिता गरेको प्रदेश /जिल्ला कुन हो स्पष्ट्र रुपमा उलेलेख गर्नुपर्ने | निवेदकले पत्राकारिता गरिरहेको प्रदेशको जानकारी लिन |
| अनुसची २ मूल्याकनका आधार क्र स ३ | ३ खेलकुद पत्रकारिता क्षेत्रमा निरन्तरता एवं क्रियाशीलताको अनुभव | मूल्याकनका आधार क्र स ३ र ५ लाई एकिकृत गरी बुँदा न ३ कायम गरिएको |
| अनुसची २ मूल्याकनका आधार क्र स ६ लाई ५ र क्र स ७ लाई ६ कायम गरिएको | ५ मोफसलका खेलकुद गतिविधिहरुको सूचना प्रकाशन वा प्रशारण<br>६ सम्पादित कार्य<br>को स्तरीयता | क्र स मिलान गरिएको |